# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

२०७४

प्रदेश नं. २, नेपाल

पत्र संख्याः- २०७८।०७९

चलानी नम्बरः- ६०६०

मिति ...२०७८।१०।०३..

विषयः- आवश्यक सहयोग र समन्वय सम्वन्धमा ।

**श्री वडा कार्यालय सबै**
**श्री स्वास्थ्य सँस्थ सबै**
**कविलासी नगरपालिका, सर्लाही ।**

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय सर्लाहीको प.सं.२०७८।०७९ मिति २०७८।०९।२९ को जारी आदेशको पत्र मार्फत कोभिड-१९ को वढ्दो संक्रमणलाई मध्यनजर गर्दै यसको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारिश एवं गृह मन्त्रालयको निर्देशानुसार तथा संक्रामक रोग ऐन,२०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८।०९।२९ गते राती १२:०० वजे देखि अर्को सूचना जारी नभएसम्म लागू हुने गरी **जिल्ला कोभिड संकट व्यवस्थापन समिति** सर्लाहीको मिति २०७८।०९।२९ गते वसेको वैठकको निर्णय संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही वमोजिम आवश्यक कार्य, सहयोग र समन्वय हुन अनुरोध छ ।

गिरीश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**
श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।
श्रीमान् उप प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।

**वोधार्थ** :
श्री सूचना प्रविधि शाखा, कविालसी नगरपालिका (Web site मा Upload गरिदिनु हुन ।)

इमेल ठेगानाः- kabilasimun@gmail.com वेबसाईटः- www.kawilasimun.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७८/०७९
चलानी नं.:- ९२६

मितिः- २०७८/०९/२०

विषयः- आवश्यक सहयोग र समन्वय सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको च.नं. म.बै./३२१/३४३४ मिति २०७८/०९/०८ को पत्र मार्फत सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संशोधन सम्बन्धी विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७८/०९/०८ को निर्णय संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम आवश्यक कार्य, सहयोग र समन्वय हुन आदेशानुसार अनुरोध छ ।

७८।९।२०
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः- E-mail मार्फत जानकारी गराइदिनु हुन ।

श्री प्रमुखज्यू
सबै वडा कार्यालयमा
जानकारी गराई
कानुन कार्यार्थ
८।२९

कालिकामाई गाउँपालिकाको कार्यालय
कलैया, बारा
दर्ता नं. ३३०
दर्ता मितिः २०७८।०९।२३

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
चलानी नं. म.बै./३२१/३८३४

दर्ता नम्बर: ६९२ 0६८/९/१८

मिति: २०७८/९/८

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संशोधनसम्बन्धी विषय म.प.बै.सं. ५८/०७८ मिति २०७८/९/८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/८/१३ को निर्णयानुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएको आदेशको प्रकरण १ को खण्ड (ग) पछि देहायको खण्ड (ग१.), (ग२.) र (ग३.) थप गरी सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

(ग१.) खण्ड (क) र खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्ण खोप लगाएको १४ दिन पुगेको र ७२ घण्टाभित्रको पिसिआर परीक्षण रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र कुटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकलाई कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण नदेखिएको अवस्थामा घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग२.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका नेपाली नागरिकहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने। परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग३.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका कुटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशीहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या

च.नं.

परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसन वा सम्बन्धित कुटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई १० दिन होटेल क्वारेन्टिन वा सम्बन्धित कुटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np